शुभारम्भ...शिवम्सँग

SHIVAM CEMENT
ASALI OPC CEMENT
SINCE 2003

COM. REG.No. : 137210/072/73
VAT/PAN No. : 302436213

NS QUALITY AWARD-2019
प्रथमद्वारा पुरस्कृत संस्था

मितिः २०८२।०८।०२ गते ।

च.नं. ३८।०८२।०८३

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,

सिंहदरवार प्लाजा, काठमाडौं ।

**विषय : आ. व. २०८१।०८२ को बार्षिक साधारण सभा बस्ने सम्बन्धि सूचना सम्बन्धमा ।**

महोदय,

उर्पयुक्त विषयमा यस शिवम् सिमेन्ट्स लिमिटेडको आ. व. २०८१।०८२ को बार्षिक साधारण सभा संचालक समितिको मितिः २०८२।०७।३० को १४२ औं बैठकको निर्णय बमोजिम मिति २०८२।०८।२५ गते राष्ट्रिय सभागृह, भृकुटीमण्डप, काठमाडौंमा विहान १० : ३० बजे शुरु हुने गरी बोलाउने सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम सम्बन्धित सरोकारवाला शेयरधनी माहानुभवहरुको जानकारी तथा उपस्थितीका लागि अनुरोध समेत गर्दै आज मितिः २०८२।०८।०२ गतेको आर्थिक दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रशासित गरिएको हुंदा उक्त प्रकासित सूचनाको प्रति यसै साथ सम्लग्न राखी ताहाँको जानकारीका लागि पठाइएको व्यहोरा अनुरोध गर्दछौं ।

सहयोगका लागि धन्यवाद ।

**बोर्धार्थः**

१. शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि., काठमाडौं ।

भवदीय,

संचालक समितिको आज्ञाले,

(मन्दिरा महर्जन)

वरिष्ठ अधिकृत

SHIVAM CEMENTS LIMITED NEPAL

## शिवम सिमेन्ट्स लिमिटेडको

# दशौं वार्षिक (आ.व. २०८१।०८२) साधारण सभा सम्बन्धि सूचना

शिवम् सिमेन्ट असली OPC सिमेन्ट SINCE 2003

प्रथम पटक प्रकाशित : २०८२।०८।०२ गते

श्री शेयरधनी महानुभावहरु

यस शिवम् सिमेन्ट्स लिमिटेड कम्पनीको संचालक समितिको मितिः २०८२।०७।३० गते, (तदनुसार १६, नोभेम्बर २०२५) मा बसेको १४२ औं बैठकको निर्णय बमोजिम कम्पनीको दशौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा तल लेखिएका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीका लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय :**

| | |
|---|---|
| सभा हुने मिति | : २०८२ साल मंसिर २५ गते, तदनुसार (११ डिसेम्बर २०२५) विहिबार । |
| सभा शुरु हुने समय | : विहान १०:३० बजे । |
| स्थान | : राष्ट्रिय सभा गृह, प्रदर्शनी मार्ग, काठमाडौं । |

**छलफल तथा निर्णयका लागि निर्धारित बिषयहरुः**

**क) सामान्य प्रस्तावहरुः**

(१) कम्पनी संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ. व. २०८१।०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने बारे ।

(२) लेखापरीक्षकको वार्षिक प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको कम्पनीको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०८१।०८२ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण सहितका ले.प. सम्बन्धि अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने बारे ।

(३) कम्पनीको आ.व. २०८२।०८३ को आय व्ययको लेखापरीक्षण कार्यका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

(४) संचालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व. २०८१।०८२ को मुनाफा रकम (Retained earnings) बाट कम्पनीको चुक्ता पूंजी रु ५,४५,६८,०८,५००।- को १०% (दश) का दरले हुन आउने रु. ५४,५६,८०,८५०/- (चौवन्न करोड छपन्न लाख असी हजार आठ सय पचास रुपैंया) मात्र (कर समेत) नगद लाभांश साधारण सभाबाट पारित भएपछि वितरण गर्ने बारे ।

(५) कम्पनी ऐन २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभूत शेयरधनी वा संचालक सम्बद्ध रहेको संस्थासँग तथा यसै संस्थासँग सम्बद्ध कम्पनीसँग गरेको कारोबार विवरणलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने बारे ।

(६) कम्पनी सञ्चालक समितिको निर्णयले रिक्त रहेको संचालक संख्या १ बाँकी कार्यकालका लागि संचालक समितिले गरेको नियुक्ति तथा मनोनयनलाई सभाबाट अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने बारे ।

(७) विविध ।

**ख) विशेष प्रस्तावहरुः**

(१) संचालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व. २०८१।०८२ को मुनाफा रकम (Retained earnings) बाट चुक्ता पूंजी रु ५,४५,६८,०८,५००।- को २.५० % (दुई दशमलव पाँच शून्य प्रतिशत) का दरले हुन आउने रु. १३,६४,२०,२१२।५०/- (तेह्र करोड चौसठ्ठी लाख बीस हजार दुई सय बाह्र रुपैंया र पचास पैसा) बराबरको रु. १०० दरका १३,६४,२०२.१२५ (तेह्र लाख चौसठ्ठी हजार दुई सय दुई दशमलव एक दुई पाँच) थान बोनस शेयर वितरण गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने बारे ।

(२) प्रवन्ध पत्र संशोधन सम्बन्धी विशेष प्रस्ताव :

वोनश शेयर वितरण गर्ने सम्बन्धी विशेष प्रस्ताव पाँरित भए पश्चात कम्पनीको जारी तथा चुक्ता पूजींमा प्रभाव परी पूँजी बृद्धि हुने भएकाले सोही बमोजिम प्रबन्ध पत्रको दफा ६ को (ख) र ६ को (ग) संशोधन पारित गर्ने बारे ।

(३) विविध ।

सञ्चालक समितिको आज्ञाले,
(लेखनाथ अर्याल)
कम्पनी सचिव

## साधारण सभा सम्बन्धि अन्य जानकारी

१) सम्पूर्ण शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा साधारण सभाको सूचना र वार्षिक प्रतिवेदन पुस्तिका पठाइने व्यवस्था गरिएको छ । कुनै कारणवश उक्त पुस्तिका नपाउनु भएमा संस्थाको कर्पोरेट कार्यालय, सिद्धार्थ इन्सुरेन्स भवन दोश्रो तल्ला अनामनगर, काठमाडौंबाट प्राप्त गर्न सक्नुहुनेछ । साथै सो सम्बन्धि सूचना र वार्षिक प्रतिवेदन समेत यस कम्पनीको वेवसाइट www. shivamcement.com मा समेत उपलब्ध गराइएको छ ।

२) सभा शुरु हुनुभन्दा २ घण्टा अगाडिबाट शेयरधनी महानुभावहरुले आफ्नो फोटो सहितको परिचय खुल्ने सक्कल कागजात, डिम्याट खाता नं. र शेयर कित्ता सहितको जानकारी गराई उपस्थिति किताबमा हाजिरी जनाउन सक्नु हुनेछ ।

३) साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले कम्पनीको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी फारम) भरी शेयर रजिष्टार श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नक्साल, काठमाडौंबाट दस्तखत प्रमाणित गराई सभा शुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै बहान ९:०० बजे भित्र कम्पनीको कर्पोरेट कार्यालय, काठमाडौंमा दर्ता गरी सक्नु पर्नेछ ।

४) नावालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयरदर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र सभामा भाग लिन र प्रतिनिधि नियुक्त गर्न पाउनेछन् ।

५) संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयरधनीको दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट तोकिएको एक व्यक्तिले मात्र सभामा भाग लिन, प्रतिनिधि (प्रोक्सी) नियुक्ती गर्न पाउनु हुनेछ ।

६) संस्थागत शेयरधनीको तर्फबाट साधारण सभामा भाग लिन, सम्बन्धित संस्थाको तर्फबाट प्रतिनिधि नियुक्ती गरेको निर्णय तथा पत्र साधारण सभा हुने मिति भन्दा २ (दुई) दिन अगावै कम्पनीको कर्पोरेट कार्यालयमा पेश गर्नु पर्नेछ ।

७) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरवदल गर्न चाहेमा सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै सोको सूचना कम्पनीको कर्पोरेट कार्यालय, अनामनगर काठमाडौंमा दर्ता गरीसक्नु पर्नेछ । अन्यथा प्रतिनिधि फेरवदल हुन सक्ने छैन । तर सभामा सम्बन्धित शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधी पत्र (प्राक्सी) स्वतः बदर हुनेछ ।

८) कुनै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा/गर्नु भएको अवस्थामा पहिले दर्ता भएको प्रोक्सी मान्य हुने छ । पछिल्लो प्रोक्सी स्वतः वदर वा अमान्य हुनेछ ।

९) छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा छलफल गर्नु पर्ने भए ईच्छुक शेयधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत् सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु हुन अनुरोध छ ।

**१०) बार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८२।०८।११ गते एक दिन मात्र शेयर दाखिला खारेज कार्य बन्द (Book Closer) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मितिः २०८२।०८।१० सम्म कायम रहेका शेयरधनीहरुले मात्र सो सभामा भाग लिन तथा लाभांस प्राप्त गर्न सक्नु हुनेछ ।**

११) शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका सभापति आफैंले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट